२०७५ साल, वर्ष १, अंक १

लाटोकोसेरो संरक्षण सबैका लागि



# हाप्सिलो

## लाटोकोसेरो सम्बन्धी चौमासिक पत्रिका





## यो अंकमा


नेपाल लाटोकोसेरो तथा हुचील उत्सव २०७५..........१

लाटोकोसेरोको उद्धार..........................................४

नेपालमा लाटोकोसेरोको नौलो अभिलेख...............५

लाटोकोसेरोको कथा............................................६

संरक्षणको नौलो प्रयास........................................७

लाटोकोसेरो सम्बन्धी रमाइला जानकारी...............८


नेपालमा २३ प्रजातिका लाटोकोसेरो तथा हुचील पाइन्छन् । यसमध्ये पिंगल लाटोकोसेरो लोप भइसकेको र लामकाने लाटोकोसेरो कहिलेकाहीँ मात्र फिरन्तेको रूपमा देखा परेको छ । नेपालमा कुन प्रजातिको सङ्ख्या कति छ भनेर अध्ययन भएको छैन तर वासस्थानको बिनाश र अवैध चोरी सिकारीको कारणले यिनको अवस्था नाजुक छ भन्ने कुरामा दुई मत छैन । लाटोकोसेरो सम्बन्धी जानकारीहरू सबै वर्गलाई जानकारी गराई यो प्रजातिको संरक्षणमा टेवा पुगोस् भनेर यो चौमासिक पत्रिकाको सुरुवात गरिएको हो। शिक्षक, विद्यार्थी, अनुसन्धानकर्मी, संरक्षणकर्मी, नीति-निर्माता, पत्रकारलगायत सर्वसाधारणलाई उपयोगी हुने विश्वास गरेका छौं ।

**-सम्पादक-**

# नेपाल लाटोकोसेरो तथा हुचील उत्सव

## 'लाटोकोसेरो तथा हुचील उत्सव'  २०७५ लाई  फोटोमा हेर्नुहोस्
## (संसारभर तीन देशमा मात्र  आयोजना गरिने अनौठो तथा शिक्षामुलक कार्यक्रम)

**तस्बिरहरू : यज्ञलाल ज्ञवाली**

लाटोकोसेरो संरक्षण, सांस्कृतिक कार्यक्रम तथा पुराना खेलहरूको माध्यमबाट बर्सेनि गरिँदै आएको यो उत्सव माघको तेस्रो साता (फेब्रुअरी महिनाको पहिलो शुक्रवार र शनिवार) मा मनाइने गरिन्छ। हामीलाई सहयोग गर्ने तर हाम्रै कारणले दु:ख पाएका लाटोकोसेरो तथा हुचील संरक्षणका लागि अमेरिका, इटाली र नेपालमा यो उत्सव हुने गरेको छ । यस्तो उत्सव नेपालमा प्रत्येक वर्ष नयाँ नयाँ ठाउँमा हुँदै आएको छ । अर्को वर्ष माघको १८-१९ मा नयाँ ठाउँमा हुनेछ । अहिले देखि नै योजना बनाउनुस् । यस पटक दोलखा जिल्लाको जिरीमा 'युवा सञ्जाल जिरी' र 'प्रकृतिका साथीहरू' ले आयोजना गरेको यो उत्सवका  केही झलकहरू फोटोमा हेरौं ।



*जिरी प्राविधिक शिक्षालयको भवनमा २०  जना स्वयंसेवकहरूले ४ दिन लगाएर तयार पारेको अस्थायी संग्रहालय ।*

# नेपाल लाटोकोसेरो तथा हुचील उत्सव








*यस वर्षको 'प्रकृति संरक्षण पुरस्कार'बाट चरा तथा प्रकृति संरक्षण क्षेत्रमा काम गर्ने क्रमशः कृष्ण भुसाल, वेदबहादुर खड्का तथा पत्रकार शोभा मानन्धरलाई नगद २५ हजार रुपैयाँ र ताम्रपत्रले सम्मान गरिएको थियो । सोही अवधिमा रेसोर्सेस हिमालय र अमलटारी मध्यवर्ती सामुदायिक होमस्टेलाई समेत अभिनन्दन गरिएको थियो ।*

# नेपाल लाटोकोसेरो तथा हुचील उत्सव











*देशका विभिन्न भागबाट जम्मा भएका चरामा रुचि राख्नेहरु, संरक्षणकर्मीहरु, अनुसन्धानकर्मी र स्थानीय गरी करिब ४५ जनाको समूहलाई दुइ दिनसम्म चराविज्ञ हठन चौधरीले चरा अवलोकन कार्यक्रमको नेतृत्व गर्नुभएको थियो । सोही समूहमा रहेका फोटो खिच्ने समूहहरूको नेतृत्व व्यावसायिक फोटोग्राफर विशाल गौतमले गर्नुभएको थियो ।*

# लाटोकोसेरोको उद्धार

## लघुकर्ण लाटोकोसेरोको उद्धार

गोरखाको फिलिम क्षेत्रमा (१४०० मिटर माथि) यही अप्रिल १ , २०१८ मा हेल्थ पोस्टमा एउटा लाटोकोसेरो प्रवेश गरेको थियो । मनास्लु संरक्षण क्षेत्रका संरक्षणकर्मीद्वय हिरा केसी र अजित तुम्बाहाम्फेले उद्धार गरी उडाउन प्रयास गरेका थिए । तर सफल हुन् सकेनन् । नेपालमा हिउँदमा मात्र बसाइसराई गरी आउने उक्त लघुकर्ण लाटोकोसेरो (Short-eared Owl) उक्त समयमा देखिनु अनुसन्धानकर्मीहरुको लागि चासोको विषय बनेको छ ।



***तस्विर : अजित तुम्बाहाम्फे***

## महाकौशिक लाटोकोसेरोको उद्धार

बाँके राष्ट्रिय निकुन्जको शम्शेरगंजमा महाकौशिक लाटोकोसेरो (Spot-bellied Eagle Owl) उद्धार गरिएको छ । २०१७ साल जुन ४ मा उद्धार गरिएको थियो । कान्ति कंडेलद्वारा उद्धार गरिएको उक्त प्रजाति केही दिनको सामान्य उपचार पछि प्राकृतिक बासस्थानमा छोडिएको थियो ।



***तस्विर : कान्ति कंडेल***

## नेपालमा लाटोकोसेरोको नौलो अभिलेख

गोविन्दबहादुर सिंहले जाजरकोटमा मलाहा हुचीलको गुँड फेला पारेका छन् । समुन्द्र सतहबाट १४०० मिटरको उचाइमा रहेको सो हाल सम्मकै नेपालको अग्लो ठाउँमा भेटिएको उक्त प्रजातिको गुँड हो । उक्त गुँड बारकोटे गाउँपालिकाको साकाला गाउँमा मार्च १६, २०१८ मा भेटेका थिए ।

चराविद् सोम जिसीले पर्वत जिल्लाको मल्लाजमा मलाहा हुचील अभिलेख गरेका छन्। समुद्र सतहबाट १९०० मिटरको उचाइमा भेटिएको थियो । हालसम्म भेटिएको स्थानहरू मध्ये यो प्रजातिको लागि नेपालमा यो सबैभन्दा अग्लो ठाउँ थियो ।

सन् २०१७ मा जिल्ला वन कार्यालय दोलखाले गोठे लाटोकोसेरोको उद्धार गरी चरिकोट नजिकै प्राकृतिक बासस्थानमा पुनर्स्थापना गरेको छ । चरिकोटको उचाइ समुद्र सतहबाट २००० मिटरमा रहेको छ । गोठे लाठोकोसेरो यतिका उचाइमा विरलै भेटिएका छन् नेपालमा।



*जाजरकोटमा नेपालकै अग्लो ठाउँमा भेटिएको मलाहा हुचीलको गुँड ।*

*तस्बिर : गोविन्दबहादुर सिंह*

## लाटोकोसेरोको कथा

### लाटोकोसेरोको आयु

कुनैबेला वन्यजन्तुहरूमध्ये लाटोकोसेरो सबैभन्दा बढी बाँच्दथ्यो । दिनभरि अरू उडिरहँदा उ भने अनकन्टार ठाउँहरूमा एक्लै टोलाएर बस्थ्यो । रात परेपछि बाहिर निस्कन्थ्यो। उसलाई आफ्नो जीवनदेखि वाक्क लाग्यो । विरक्तियो । उसलाई आफूले पाएको सय वर्ष उमेर युग झैं लाग्न थाल्यो । उसले अब केही वर्ष मात्र बाँच्ने निधो गऱ्यो । उ निवेदन लिएर भगवानलाई भेट्न गयो ।

लाटोकोसेरोको सबै कुरा सुनेर भगवानले भने 'तिमीले राती देख्न सक्छौ अरूले सक्दैनन् । यो त झन् वरदान भएन र ?' तर, लाटोकोसेरो मानेन। उसको विरक्तपन देखेर भगवानले सुझाए 'तिम्रो उमेर घटाउन त मिल्दैन तर, तिमीलाई मनपर्छ भने कसकसलाई दिन मन लाग्छ उमेर बाँड ।' यो सुनेर लाटाकोसेरो फुरूङ्ङ भयो ।

उसले आफूले पाएको उमेर १०/१० वर्ष अरूलाई बाँडिदियो । ९० देखि सय वर्षको उमेर मानिसले पनि पायो । भनिन्छ यही कारणले मानिस उमेर धेरै भएपछि एक ठाउँमा टोलाएर बस्ने र काम नगर्ने गर्दछ । सबैलाई उमेर दिइसकेपछि १० वर्षको आयु मात्र आफूले राखेको हुनाले यो चरा औसत रूपमा त्यति नै बाँच्दछ ।



('लाटोकोसेरो कि बाठोकोसेरो ?' पुस्तकबाट साभार)
*चित्र : रोशन भण्डारी*

## भाग्यमानी गुडियाको विश्व यात्रा



*'लिटल होस्टन' नामक गुडिया पासपोर्टको साथमा*

यो गुडिया तीन महिना अघि पासपोर्ट बोकेर पोर्चुगलबाट नेपाल आइपुगिन् । यिनको पासपोर्ट अमेरिकन सरकारले नभई संरक्षणकर्मी कार्ला ब्लोयमले हातैले तयार पारेकी हुन् । जुन देशमा यो गुडिया पुग्छिन्, तस्बिरसहित यिनको पासपोर्टमा सो देशको नाम आउने गरी प्रमाणित गरिन्छ । त्यसपछि अर्को देशमा पठाइने गरिन्छ । यो गुडियाको नामाकरण गरिएको छ 'लिटल होस्टन' ।

लाटोकोसेरो संरक्षणको सन्देश विश्वभर सांकेतिक रूपमा फैलाउने उद्देश्यले अमेरिकाको होस्टनबाट यिनको यात्रा सुरु भएको हो । स्वयमसेवक संरक्षणकर्मीहरुले एक देशबाट अर्को देशसम्म लिएर जाने वा पठाउने गर्दछन् । उक्त देशमा पुगे पछि लाटोकोसेरोमा काम गर्नेहरुले विभिन्न स्थानमा लिएर जाने गर्दछन् र सोही अनुसार सहभागी गराऊछन् । नेपाल आइसके पछि भने यिनको यात्रा पर्वत जिल्लाको चित्रे गाउँ र दोलखा जिल्लाको जिरीसम्म भैसकेको छ । जिरीमा सम्पन्न 'लाटोकोसेरो तथा हुचील उत्सव' मा यो गुडिया प्रदर्शनीमा राखिएको थियो । गुडियाले हालसम्म केन्या, पोर्चुगल, अमेरिका, नेदरल्यान्ड र नेपालको यात्रा तय गरिसकेकी छिन् ।

## लाटोकोसेरो सम्बन्धी रमाइला जानकारी

लाटोकोसेरोको समूहलाई 'संसद्' भनिन्छ ।

यिनीहरू आँखा चलाउन सक्दैनन् । यसैले टाउको नै घुमाएर सबैतिर हेर्ने गर्दछ ।

गोठे लाटोकोसेरोको औसत आयु १० वर्ष मानिन्छ ।

टाढाको सजिलै देख्न सक्छन् तर, नजिकको गाह्रो पर्छ ।

ठुला लाटोकोसेरोले सानो लाटोकोसोरोलाई मारेर समेत खाने गर्दछन् ।

संसारको सबभन्दा सानो 'एल्फ लाटोकोसेरो' ले पात र फलफूलसमेत खान्छ ।

सबै चराहरूलाई बिहानै उठाउने हुनाले यसलाई सबै चराको नोकर मानिन्छ ।

इटालीमा गुफो, रुसमा कोबा र चाइनिज भाषामा फुकुरो भनिन्छ ।



**'प्रकृतिका साथीहरु'**को चौमासिक प्रकाशन

**हाप्सिलो**

**अवधारणा** : राजु आचार्य

**सम्पादकीय समूह** : राजु आचार्य र यादव घिमिरे

**भाषा सम्पादन** : नेत्र तामाङ

**लेख, रचना तथा सम्पर्कका लागि** : naturesfren@yahoo.com

(कभर फोटो : ऋषी बराल)